बारेकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

लिम्सा,जाजरकोट

कर्णाली प्रदेश, नेपाल

९८५८०८०८१०

barekotrm@gmail.com

बारेकोट गाउँपालिका

बारेकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लिम्सा,जाजरकोट कर्णाली प्रदेश,नेपाल २०७३

प.सं. :-२०८३/०८४

च. नं. :-

मिति: २०८३/०४/२५

नेपाल संबत: ११४६

## आन्तरिक आय तर्फ नदीजन्य पदार्थको उत्खनन, संकलन बिक्री शुल्क उठाउने सम्बन्धी विद्युतीय-बोलपत्र (e-Bidding) मार्फत ठेक्का आह्वानको सूचना

सूचना प्रकाशित मिति: २०८३/०४/२५

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को घ(६), कर्णाली प्रदेश सरकार को आर्थिक ऐन, २०८१ को दफा ११ तथा सम्बन्धित अनुसूची- ७ मा व्यवस्था भएको दररेट, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४, गाउकार्यपालिकाको निर्णय र स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा व्यवस्था भएअनुसार देहाय बमोजिम आन्तरिक आय संकलनका लागि बारेकोट गाउपालिका क्षेत्रभित्र पर्ने नदी तथा खोलाको  ढुगा, गिट्टी तथा बालुवा उत्खनन, संकलन तथा बिक्री गर्ने कार्य ठेक्काबाट तपसिल बमोजिम का क्षेत्रका न्युनतम अंक मा नघट्ने गरि आ.व. २०८३/०८४ को ठेक्का बन्दोबस्त गर्न विद्युतीय-बोलपत्र आह्वानको सूचना प्रकाशित गरियको छ ।सूचना प्रकाशित भएको मितिबाट तोकिएको म्यादभित्र कानुनी प्रक्रिया पूरा गरेका ठेक्का लिन इच्छुक योग्य फर्महरूले तोकियका शर्तहरुको अधिनमा रही  सार्वजनिक खरिद अनुगमन कार्यालयको e-GP प्रणाली (https://www.bolpatra.gov.np/egp) बाट बोलपत्र सम्बन्धी कागजात प्राप्त गरि निर्धारित मिति र समय भित्र सोहि प्रणाली (e-GP) मार्फत बोलपत्र पेशगर्नु हुन अनुरोध गरिन्छ। बोलपत्र फाराम साथ बोलपत्र जमानत बापतको रकम यस कार्यालयको नाममा कृषि विकास बैंक लिमिटेड , लिम्सा शाखामा रहेको खाता न.; ०७२६४०१५४८०९७०३० को धरौटी खर्च खाता शिर्सक मा जम्मा मा जम्मा गरी सोको भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको तोकियको बोलपत्र जमानत बोलपत्र फाराम साथ पेश गर्नुपर्नेछ।

### ठेक्का विवरण

| क्र.सं. | आन्तरिक आय ठेक्का नं. | ठेक्का क्षेत्र/ स्थल | संकलन गर्न सकिने अधित्तम परिमाण (घन मि.) | न्यूनतम ठेक्का रकम रु.(मु.अ.कर बाहेक) | बोलपत्र दस्तुर रु. | बोलपत्र जमानत रकम रु. | बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १ | BRM/NCB/GOODS/01/2083-084 | नलगाड खोला र यसका सहायक खोला हरु (वडा न.१,२,३,५,६,७,८,९) | १९,५९९.३४ | ३४,६०,२६३.९१/- | ० | ८५००० /- | २०८३/०५/१५गते दिउसो १२:०० सम्म | २०८३/०५/१५गते दिउसो २:०० बजे |

नि.प्रमुख प्रशासकीय अधिकृत



CamScanner

## ढुंगा, गिट्टी तथा बालुवा उत्खनन/संकलनका लागि आय ठेक्काको शर्त तथा बन्देज:

१. बोलपत्र साथ स्थानीय तहमा दर्ता भएको व्यवसाय कर नवीकरण प्रमाणपत्र, फर्म दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धी कर दर्ता प्रमाण र आ.व. ०८२/८३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी बोलपत्र साथ संलग्न राखी बोलपत्र जमानत वापतको रकम रु. ८५०००/- कृषि विकास बैंक लिमिटेड, लिम्सा शाखा, जाजरकोट स्थित यस कार्यालयको खाता नं. ०७२६४०१५४८०९७०३० को धरौटी खर्च खाता शिर्सक मा जम्मा गरेको सक्कल बैंक भौचरको Scan Copy वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा १२० दिन म्याद भएको Bid Bond को सक्कल प्रतिको Scan Copy संलग्न हुनुपर्नेछ।

२. पेश हुन आएका बोलपत्रहरु २०८३/०५/१५ गते दिनको १२ बजे यस कार्यालयको प्रतिनिधि एवं बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न सकिनेछ।

३. बोलपत्र भर्दा अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। तर अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

४. म्याद नाघी आएको र रीत नपुगेको बोलपत्र उपर कुनै कारबाही गरिने छैन।

५. बोलपत्रदाताले सम्झौता गर्दा मूल्य अभिवृद्धी कर सहितको कबोल अङ्कको ५ प्रतिशतले हुन आउने रकम बराबरको २०८४ असार मसान्तसम्म म्याद भएको कार्य सम्पादन जमानत यस कार्यालयमा बुझाउनुपर्नेछ।

६. स्वीकृत बोलपत्रदातालाई बोलपत्र स्वीकृत भएको सूचना दिइनेछ। सो सूचना पाएको मितिले १५ दिनभित्र प्रथम किस्ता वापत मूल्य अभिवृद्धी कर सहितको कबोल अङ्कको ४० प्रतिशतले हुन आउने रकम यस कार्यालयको नाममा रहेको कृषि विकास बैंक लिमिटेड शाखा कार्यालय लिम्सा मा रहेको बारेकोट गाउँपालिका, स्थानीय विभाज्य कोष खाता नं. ०७२६४०१५४८०९७०५७ मा जम्मा गरेको सक्कल भौचर साथै मूल्य अभिवृद्धी कर सहितको कबोल अङ्कको ६० प्रतिशतले हुन आउने रकमको हकमा २०८४ असार मसान्तसम्म म्याद भएको बैंक जमानत यस कार्यालयमा बुझाई सम्झौता गर्नुपर्नेछ। दोस्रो किस्ता वापत मूल्य अभिवृद्धी कर सहितको कबोल अङ्कको ३० प्रतिशतले हुन आउने

रकम २०८३ साल पुस मसान्तभित्र तथा अन्तिम किस्ता वापत मूल्य अभिवृद्धी कर सहितको कबोल अङ्कको ३० प्रतिशतले हुन आउने रकम २०८४ साल वैशाख मसान्तभित्र यस कार्यालयको नाममा कृषि विकास बैंक लिमिटेड शाखा कार्यालय, लिम्सा मा रहेको बारेकोट गाउपालिका , स्थानीय विभाज्य कोष खाता नं. ०७२६४०१५४८०९७०५७ मा जम्मा गरी सोको सक्कल भौचर यस कार्यालयमा बुझाउनुपर्नेछ। तोकिएको म्यादभित्र किस्ता नबुझाएमा बैंक जमानतबाट किस्ता तिर्न म्याद व्यतीत भएको पहिलो महिनाको पहिलो हप्तामा असुल गरिनेछ साथै व्यतीत भएको समय अवधिको वार्षिक १०% का दरले जरिवाना लाग्नेछ।

७. प्रचलित कानुन अनुसार लाग्ने कर तथा दस्तुर ठेकेदार स्वयंले नै बेहोर्नु पर्नेछ।

८. तोकिएको न्यूनतम अङ्कमा बढावढ गरी सबैभन्दा बढी अङ्क कबोल गरेको बोलपत्रलाई छनौट गरिनेछ। साथै कबोल अङ्क बराबर भएमा सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम हुनेछ।

९. कार्यादेश लिएको मितिदेखि मात्र ठेक्का चलान गर्न पाइनेछ। साथै तोकिएको परिमाण उठाई सकेमा उत्खनन तथा संकलन कार्य बन्द गर्नुपर्नेछ।

१०. नेपाल सरकारको प्रचलित मापदण्ड तथा यस कार्यालयबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) बमोजिम नदीजन्य पदार्थ उत्खनन/संकलन गर्नु पर्नेछ।

११. नदीजन्य पदार्थको संकलन, भण्डारण र घाटगद्दीको व्यवस्था नेपाल सरकारको प्रचलित मापदण्ड बमोजिम गर्नु पर्नेछ र संकलन गरिएको नदीजन्य पदार्थ घाटगद्दी गर्ने स्थानको व्यवस्था गर्नु पर्ने भएमा व्यवसायी स्वयम् आफैले गर्नु पर्नेछ।

१२. यस कार्यालयलाई बुझाउनु पर्ने ठेक्का रकम नेपाल बन्द, आम हड्ताल, नाकाबन्दी र चक्का जाम जस्ता अप्रत्याशित घटना वा अन्य कुनै पनि कारण देखाई मिनाहा माफी माग गर्न पाइने छैन।

१३. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउपालिकाको कार्यालयमा सुरक्षित रहनेछ।

१४. वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी तथा प्रचलित कानून विपरीतका कुनै पनि कार्य गर्न पाइने छैन। साथै सम्बन्धित खोला नदीको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा उल्लेखित शर्तहरूको पालना गर्नु पर्नेछ।

१५. नदीजन्य पदार्थ उत्खनन, संकलन कार्य सूर्योदयदेखि सूर्यास्तसम्मको समयमा मात्र गर्नु पर्नेछ।

१६. नदीजन्य पदार्थ सङ्कलन गर्ने क्रममा सङ्कलन गर्न इजाजत पाएको नदीजन्य पदार्थ बाहेक कुनै बहुमूल्य पुरातात्त्विक ऐतिहासिक वस्तु फेला परेमा तत्काल यस गा.पा. मा बुझाउनु पर्नेछ।

१७. उत्खनन, संकलन र घाटगद्दी कार्य शुरु गर्नु पहिले सो कार्यमा खटिने मुख्य मुख्य कामदार, ढुवानीका साधन र चालकहरूको विवरण यस कार्यालयमा पेश गर्नु पर्नेछ।

१८. नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा, डस्ट) उत्खनन/संकलन एवं ढुवानी कार्यमा स्थानीयवासीलाई पहिलो प्राथमिकता दिई कार्य गर्नु/गराउनु पर्नेछ।

१९. नदीजन्य पदार्थ बाहेकका मालवस्तु घाटगद्दी भएमा वा ओसारपसार गरेमा प्रचलित कानून बमोजिम सजाय हुनेछ।

२०. नदीजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनले ढुवानी अवधिभर प्रेसर हर्न प्रयोग गर्न पाइने छैन। साथै नदीजन्य पदार्थ ढुवानी स्थलबाटै बाक्लो त्रिपालले ढाकेर लैजानु पर्नेछ, सडकमा पानी चुहाएर ढुवानी गर्न पाइने छैन र सवारी सुरक्षित तवरले हाक्नु पर्नेछ।

२१. नदीजन्य पदार्थ लोड गरी ओसारपसार गर्ने क्रममा लोड सवारी साधन सडकमा पार्किङ गर्न पाइने छैन।

२२. नदीजन्य पदार्थको निकासी गर्ने मार्ग (उत्खनन क्षेत्रदेखि मुख्य सडकसम्म) को नियमित मर्मत गर्ने र धुलो उड्न नदिन नियमित पानी छर्कने कार्य टेकेदारले स्वयं गर्नुपर्नेछ। सो बापत खर्चको दावी गर्न पाइने छैन।

२३. नदीजन्य पदार्थको उत्खनन, संकलन एवं ढुवानी गर्दा खटिएका कार्यालयका सम्बन्धित कर्मचारीहरूको निर्देशन पालना गर्नु पर्नेछ।

२४. नदीजन्य पदार्थ उत्खनन गरिसकेपछि छनौट गरी छाडिएको काम नलाग्ने वस्तु जुन स्थानमा निकालिएको हो सोही स्थानमा लगी मिलाएर छाड्नु पर्नेछ। उत्खनन गर्दा नदीको धार नबदलिने गरी उत्खनन गर्नु पर्नेछ।

२५. नदीजन्य पदार्थ ढुवानी गरी लैजाने सवारी साधनलाई पटकैपिच्छे बिक्री आदेश वा भ्याट बिल स्पष्टसँग भरी जारी गरिएको हुनुपर्नेछ।

२६. घाटगद्दीबाट बिक्री वा ओसारपसार गर्ने एकमुष्ट आदेश प्राप्त गरेपछि ठेकेदारले गा.पा.ले तोकेको नमूनाको पटके बिक्री आदेश बिजकसँगै जारी गर्नु पर्नेछ। सोको अभिलेख तोकिएको ढाँचाको खातामा राखी पटके बिक्री आदेशको एक प्रति र सोको परिमाण खुल्ने तेरिज तयार गरी राजस्व प्रशासन शाखामा साप्ताहिक रूपमा अनिवार्य पेश गर्नु पर्नेछ। Deposit भएको नदीजन्य पदार्थ उत्खनन, संकलन गर्दा खोला नदीको Channel क्षेत्रमा रहेका Deposit मात्र उत्खनन, संकलन एवं बिक्री वितरण गर्नु पर्नेछ।

२७. नदीलाई Channelizing गरी उत्खनन, संकलन गर्दा स्वीकृत (IEE) मा उल्लेख गहिराइलाई विशेष ध्यान दिई नदीको दुवै किनारा कटानलाई सुरक्षा हुने गरी संकलन गर्नु पर्नेछ।

२८. नदीजन्य पदार्थको उत्खनन/संकलन क्षेत्रको नक्सासहित परिमाण, दररेट र अन्य जानकारी सहितको Hoarding Board सबैले देख्ने गरी खोला तथा नदीको स्वीकृत घाट/क्षेत्रमा राख्नु पर्नेछ।

२९. राजमार्ग वा सहायक राजमार्गमा यातायात अवरुद्ध हुने गरी कुनै काम गर्न/गराउन पाइने छैन।

३०. जिल्ला अनुगमन तथा समन्वय समितिले र यस गाउपालिकाले समय–समयमा दिएको निर्देशन/परिपत्रको अनिवार्य रूपमा पालना गर्नु पर्नेछ।

३१. अर्काको घर जग्गा, कुलो, बाँध, पैनी र सार्वजनिक भवनलाई क्षति हुने गरी नदीजन्य पदार्थ निकाल्न पाइने छैन।

३२. ठेक्का समाप्त भए पछि धरौटी फिर्ता लिन आउँदा लाग्ने करहरू बुझाई सकेको (कर चुक्ता) प्रमाणपत्र पेश गरेपछि मात्र धरौटी वा जमानी फुकुवा गरिनेछ।

३३. आफूले लिएको ठेक्काको चलान गरी रकम उठाउने जिम्मेवारी ठेकेदार स्वयंके हुनेछ।

३४. रसिदहरू आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयमा दाखिला गरेर कार्यालयको छाप लगाएको रसिद मात्र राजस्व संकलन गर्नको लागि प्रयोग गर्नु पर्नेछ।

३५. सम्झौतामा उल्लेखित परिमाण भन्दा बढी नदीजन्य पदार्थ उत्खनन गरेको पाइएमा प्रचलित कानुन बमोजिम जरिवाना गरिनेछ।

३६. यो सूचनामा उल्लेख नभएका कुराहरूको हकमा रकम र सरकारी ठेक्का बन्दोवस्त ऐन, २०२० र सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ साथै अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

३७. उल्लेखित शर्तहरू पालना गर्ने गराउने जिम्मेवारी स्वयं ठेकेदारको हुनेछ।

३८. ठेकेदार र कार्यालय बीच ठेक्काको शर्त तथा अन्य विषयमा कुनै विवाद भएमा बारेकोट गाउपालिकाको निर्णय अन्तिम हुनेछ।

३९. अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको सूचना पाटी, Website वा राजस्व प्रशासन शाखामा सम्पर्क राख्न हुन समेत जानकारी गराइन्छ।